आज मिति २०८२ साल कार्तिक महिना १६ गते आइतबारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको चौथो वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकीय अधिकृत |
| | श्री हरि पराजुली | | ईन्जिनियर |
| | श्री श्याम प्रसाद सापकोटा | | लेखापाल |

प्रमाणित

आर्थिक वर्ष २०८२/०८३ को चौथो नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः
मितिः (२०८२/०७/१६)

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,

२. कार्यविधि पारित गर्ने सम्बन्धमा,

क) दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

ख) शव दाहन सञ्चालन कार्यविधि, २०८२

ग) मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति, २०८२

घ) शिक्षा शाखाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

ङ) बाल समूह (बाल क्लब, बाल सञ्जाल, बाल मञ्च) गठन तथा सहजिकरण निर्देशिका सम्बन्धमा, २०८२

३. अर्थ मन्त्रालयको परिपत्र सम्बन्धमा,

४. भिमाद नगरपालिकाको पर्यटन गुरु योजना स्वीकृत गर्ने सम्बन्धमा,

५. भिमाद नगरपालिकाको आ.ब. ०८२।०८३ को औषधिको दररेट स्वीकृत गर्ने सम्बन्धमा,

६. राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव स्वीकृत सम्बन्धमा,

७. राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने सम्बन्धमा,

८. विविध

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८२/०६/०५ गते वसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को तेस्रो बैठकमा भएका निर्णयहरूको समीक्षा गरियो ।निर्णय कार्यान्वयन हुन बाँकी निर्णयहरू सिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा विधायन समितिबाट पेश भएका तपसिल बमोजिमका कार्यविधि, नीति र निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

क) दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

ख) शव दाहन सञ्चालन कार्यविधि, २०८२

ग) मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति, २०८२

घ) शिक्षा शाखाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

ङ) बाल समूह (बाल क्लब, बाल सञ्जाल, बाल मञ्च) गठन तथा सहजिकरण निर्देशिका सम्बन्धमा, २०८२

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सार्वजनिक संरचनाको पुननिर्माण र मर्मत, सार्वजनिक सेवा सुधारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि विकास आयोजनाको प्राथमिकीरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा नेपाल सरकारबाट मिति २०८२।०६।०५ गतेको निर्णय बमोजिम अर्थ मन्त्रालयले गरेको परिपत्र बमोजिम भिमाद नगरपालिकाको सम्बन्धमा अध्ययन गरी एक महिना भित्रमा प्रतिवेदन पेश गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| शिक्षा शाखा प्रमुख | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिका पर्यटनको सम्भावना, पहिचान, संरक्षण, प्रवर्द्धन तथा दीर्घकालीन रणनीति तय गर्न तयार गरिएका भिमाद नगरपालिका पर्यटन विकास गुरुयोजना तथा DPR स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको लागि स्वास्थ्य शाखाबाट आ. व. २०८२/०८३ को लागि पेश गरेको औषधि तथा सर्जिकल सामानका दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा राष्ट्रपति रनिङ शिल्ड तथा नवौं मेयरकप प्रतियोगिता कार्यक्रम मिति २०८२।०७।२८ देखि २०८२।०७।३० गते सम्म आयोजना गर्ने र सोको लागि शिक्षा शाखाबाट पेश भएको रु १७,७७,५००/- (अक्षेरुपी सत्र लाख सत्ततहजार पाच सय मात्र ) को प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको राजश्व सुधार कार्ययोजनाको अवधि समाप्त भएकाले अबको तीन वर्षको लागि राजश्व सुधार कार्ययोजना तर्जुमा गर्न राजश्व परामर्श समितिलाई सहमती दिने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिकामा तपसिल अनुसारको योजनाको संचालन गर्नको लागि वडा कार्यालयको सिफारिस साथ निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको निम्न बमोजिमको शीर्षकवाट प्राविधिक लागत अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | ठेगाना | लागत अनुमान बमोजिमको रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | नगरपालिका अगाडि बाटो बिस्तार | भिमाद ६ | २,८५,०००।- | सि.नं.१०९नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी वाँकी योजनाहरु समेत शिर्षकवाट |
| २ | श्रङ्गपथ मोटर मार्ग मर्मत | भिमाद ६ | ८४,०००।- | |
| ३ | सिंगर भञ्ज्याङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता समितिको खानेपानीको मोटर मर्मत गर्ने | भिमाद ४ | ५०,०००।- | |
| ४ | कार्यालय व्यवस्थापन, सेती नदीका विभिन्न स्थानमा भएका घाटहरुमा चोरी निकासी रोक्न फलामको गेट निर्माण तथा भिमाद प्रवेश गर्ने पुल मर्मत समेत | | १,८४,०००।- | |
| ५ | छहरामूल खानेपानी योजना | भिमाद ६ | १,८१,०००।- | सि.नं. १०० अन्य खानेपानी योजनाहरु (पाइप खरिद तथा योजनाहरु) शीर्षकवाट |

## निर्णय नं. ९

प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्थानीय पाठयपुस्तक मेरो भिमादको कक्षा ६ देखि ८ को पाठयक्रम लेखनको लागि पाठयक्रम तथा पठायपुस्तक विकास तथा वितरण निर्देशिका २०७९ बमोजिम शिक्षा शाखा प्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक | उपसचिव श्री सन्दिप पौडेल (शिक्षा शाखा प्रमुख) |
| सदस्य | शिक्षक श्री सुरज लम्साल (जनज्योति मा.वि.) |
| सदस्य | शिक्षक श्री शारदा भण्डारी (दिपक मा.वि.) |
| सदस्य | शिक्षक श्री सुनिता ढकाल (मा. अन्नपूर्ण बोडिङ्ग स्कूल) |
| सदस्य सचिव | श्री केशवराज वाग्ले (स्रोत व्यक्ति) |

निर्णय नं. १०

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बालमैत्री स्थानीय तह घोषण गर्ने सन्दर्भमा स्थानीय बालमैत्री शासन घोषण कार्यविधि, २०७९ ले निधारण गरेका सूचकहरुका साथै नगरपालिकामा रहेका घरधुरी, विधालयमा रहेका बालबालिका तथा बालमैत्री भौतिक संरचनाहरुको विवरण संकलन गर्नको लागि आवश्यक पर्ने जनशक्ति भिमाद नगरपालिकामा रहेका सामुदायिक विद्यालयका शिक्षक तथा शिक्षिकाहरु र महिला स्वास्थ्य स्वयम सेविकालाई थप जिम्मेवारी दिई विवरण संकलन गर्न खटाउने र एक घरधुरीको तथ्याङ्क संकलन गरेमा खटिएका गणकहरुलाई खाजा, खाना तथा संचार खर्च प्रति घरधुरि रु ८० का दरले भुक्तानी दिने गरी सामाजिक विकास शाखाबाट पेश गरेको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मनराज थापाको पत्नी चित्रबहादुर थापा र हरिमाया थापाकी छोरी जिल्ला स्याङजा विरुवा गाँउपालिका वडा नं ५ बस्ने पुनम थापा विरुद्ध भिमाद नगरपालिका (रिट नं. ०७६-wo-०४१६) समेत भएको परमादेश रिट निवेदनको तर्फ बाट सर्वोच्च अदालतमा लिखित जवाफ तयार गरी अदालतमा पेश गर्न वरिष्ठ अधिवक्ता विश्व प्रकाश सिग्देललाई भिमाद नगरपालिकाको कार्यपालिकाको निर्णय बमोजिम जिम्मेवारी पदान गरेको देखिएकोले उक्त मुद्दामा मुद्दा दर्ता तथा बहस पैरबी गरे बापत मुद्दा दर्ता, शुल्क लिखित जवाफ तयारी तथा दर्ता बहस पैरवी एकमुष्ट पारिश्रमिक रु १,१७,०००।- (अक्षेरुपीएक लाख सत्र हजार) माग गरेको हुँदा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको सि. नं. २३ सेवा र परामर्श खर्च शीर्षकबाट दिईने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. १ मा रहेको मिलिजुली कृषि समूहलाई भिमाद नगरपालिकाले उपलब्ध गराएको दुध चिस्यानका उपकरणहरु उक्त समुहलाई सञ्चालन गर्न नसकि फिर्ता लगि निवेदन दिएको हुँदा दुध चिस्यानका उपरकरणहरु फिर्ता ल्याउने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ६ बस्ने विधान जोशीले ऐ. वडा नं. ७ मा रहेको निजी जग्गा आवश्यक प्राक्रिया पुरा गरी उत्खनन् गर्न माग गरेकोमा नगर कार्यपालिकाको मिति २०८१।१२।२२ को निर्णय बमोजिम मिति २०८२।०२।१८ मा उत्खनन् गर्न अनुमति दिएकोमा स्थानीयको विवादको साथै सम्झौताको अवधि जेष्ठ मसान्तसम्म भएको हुँदा उत्खनन् कार्य बन्द गरिएकोमा मिति २०८२।०७।१४ मा निज विधान जोशीले पुन उत्खनन् गर्न अनुमति पाउँ भनि निवेदन दिएको सम्वन्धमा सरोकारवाला स्थानीयहरु सँग छलफल गरी सहमती गरे पछि उत्खनन् गर्न दिने निर्णय गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाका जेन्जी समूहले नगर प्रमुखज्यू समक्ष पेश गरेका मागहरुको सम्बन्धमा कानून सम्मत मागहरु क्रमसः कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सुशासन तथा संस्थागत समितिका संयोजक श्री रामकृष्ण रानाले दिनु भएकोले राजिनामा सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं. ८ माथि छलफल गर्दा वातावरण विज्ञ श्री जुद्ध बहादुर गुरुङ्गद्धारा लिखित वातावरण विज्ञान पुस्तक २० थानको रु १८,३६०/- (अक्षरेपी अठार हजार तिन सय साठी मात्र) सेन्चुरी प्रकाश प्रा. लि. बनस्थली काठमाडौलाई भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको सि. नं. १९ पुस्तक तथा सामाग्री खर्च को शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला खेलकूद विकास समिति तनहुँको अनुरोध बमोजिम यस आ.ब. ०८२।०८३ को जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८२ यस भिमाद नगरपालिकाको रंगशालामा आयोजना गर्नको लागि खेलकूद विकास समिति तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।